सन्दर्भ: सन्त सत्संग

# जोगीको अपमान परमात्माकै अपमान हो

- **स्वामी आनन्द अरुण**

तेस्रोदिन बिहानै ती जोगी मेरो आग्रहमा पुनः आईपुगे । त्यो दिन हाम्रो सत्संगको आखिरी दिन थियो । उनले सुझाव दिए - 'म स्लेटमा उत्तर लेख्छु र ती मेटिन्छन् तिमी एउटा कपि या डायरी ल्याऊ । तिमीलाई भविष्यमा पनि ती काम लाग्नेछन् ।' मैले एउटा सानो कपी ल्याए र त्यो दिनको प्रश्नोउत्तर मसँग सुरक्षित रहन गयो ।

- तपाईंको कुन मत हो र को गुरु हुन् ?

म कुनै सम्प्रदायको होइन । मैले कसैबाट दीक्षा लिएको छैन । ईश्वर नै मेरो गुरु हो र मनुष्यता नै मेरो मत हो ।

- हामीले तपाईंलाई कहाँ भेट्न सकिन्छ ?

मेरो कुनै निश्चित आश्रम छैन । म परिव्राजक साधु हुँ । जहाँ परमात्माले पुऱ्यायो त्यहीं बस्छु ।

- तपाईंलाई कुन नामले पुकार्ने ? तपाईंको परिचय के हो ?

जोगीको विगतले महत्व राख्दैन र बताउने चलनपनि छैन । मैले विधिवत् दीक्षा नलिएको हुनाले कुनै निश्चित नाम पनि छैन । परमात्माको कृपाले निरन्तर आनन्दित र मस्त रहन्छु । त्यसकारण तिमीले मलाई मस्तराम भन्न सक्छौ ।

- योगीहरूसँग धेरै चमत्कारी शक्ति हुन्छ के यो सत्य हो ? तपाईंसँग पनि केही यस्तो शक्ति छ ?

साधना गर्दै गयौ भने मन शुद्ध र एकाग्र हुँदै जान्छ एकाग्र मन अत्यन्त शक्तिशाली हुन्छ । अनेक चमत्कार घट्न थाल्छन् । तर ती समाधिको मार्गमा आवश्यक होइनन् बरु बाधक बन्न सक्छन् । त्यस्तो केही शक्ति मैले पनि अनुभव गर्छु तर त्यस्को जिज्ञासा र चर्चाले तिमीलाई कुनै लाभ हुनेवाला छैन । तिम्रो मनमा यस्ता चमत्कारप्रति अत्यन्त उत्सुकता छ । तिमी मैले भनेको जस्तो साधना गर्दै जाउ । यस्ता शक्तिहरू स्वयं अनुभव गर्नेछौ । तर यसका बारेमा धेरै सोच्नु र जिज्ञासा राख्नु ठीक छैन । अनेक साधक यसैमा भटकिन्छन् ।

- संसारमा तपाईंजस्ता अनेक योगीहरू छन् र उनीसँग अद्भुत आध्यात्मिक शक्तिपनि छ तापनि संसारमा दुःख विषाद, पाप र अन्याय किन बढदै गइरहेको छ । जोगीहरूले संसारलाई राम्रो किन बनाउदैनन् ? यिनीहरू किन पलायनवादी हुन्छन् ?

संसार सधै यस्तै छ । राम, कृष्ण, बुद्धको पालामा पनि अन्याय, अत्याचार र दुःख थियो । स्वयम् रामले पनि १४ वर्ष बनवास झेल्नुपरयो । सीताको पनि हरण भयो । स्वयम् बुद्धले

कति अपमान सह्नु पऱ्यो र आफ्नै अगाडि शाक्यवंश र कपिलवस्तु नष्ट भएको हेर्नुपऱ्यो। कृष्णले पनि महाभारतको युद्ध वा यादववंशको विनाश रोक्न सकेनन्। शुभ र अशुभ, राम र रावण, कृष्ण र कंशको यो युद्ध अनादिकालदेखि चलिआएको छ र अनन्तकाल सम्म चलिरहने छ। यस संसारमा पूर्ण न्याय, शान्ति र सुव्यवस्था संभव नहुने भएकोले नै यस संसारबाट मुक्तिको आकांक्षा जन्मन्छ। यो जगत एक पाठशाला हो। यहाँबाट आफ्नो पाठ सिक र यसबाट मुक्त होउ। यो पाठशाला सधैं बसिरहने ठाउँ होइन। यो संसारलाई सपार्ने तिमीभित्र धेरै प्रवृति देख्छु। यस्तो प्रवृति शुभ हो तर यो सफल हुनेछैन। हामी सिमित समय र शक्ति लिएर आउँछौं जो स्वयम् कै रूपान्तरणका लागि हो। पहिला ईश्वर साक्षात्कार गर त्यसपछि ईश्वरको जो खटन हुन्छ त्यसैमा नै तिम्रो र जगतको कल्याण हुन्छ। ज्ञानप्राप्तिपछि परमात्माले बुद्धलाई ४५ वर्षसम्म गाउँगाउँ घुमाए। रमण महर्षिलाई अरुणाचलको फेदीमा चुपचाप बसाए।

- भनिन्छ, ईश्वरको इच्छा बिना रुखको एउटा पातपनि हल्लिदैन। त्यसो भए तपाईं मलाई किन निरन्तर साधना गर भन्नुहुन्छ ? उसको इच्छा भए मेरो साधना भइहाल्छ नि। उसको इच्छा नभएकोले नै यो नभइरहेको होला।

तिम्रो यो जिज्ञासा दर्शनको शिखरप्रश्न जस्तो देखिन्छ तर यसभित्र मनको आलस्य र केही गर्न नचाहाने तमस् लुकेको छ। परमात्माको इच्छा बिना पात पनि हल्लिदैन भन्ने मेरो पो अनुभूति हो। यही अनुभूति तिमीले पनि गर्न सक भनी साधना गर्न भन्दैछु। जब निरन्तर साधनाले तिम्रो अहंकार गलित हुन्छ र कर्ताभाव बिदा हुन्छ अनि मात्र तिमीले देख्न सक्छौ - यो सारा जगत ईश्वरको लीला हो र उसकै इच्छाले सबै चलिरहेको छ। अहिले नै तिमीले यसो भन्नु आफ्नो आलस्य र अकर्मण्यतालाई टेवा दिनु हो।

मस्तरामप्रतिको प्रगाढ आकर्षण र घरव्यवहारमा कुनै रुचि नलिएकोले परिवारका सबै म देखि खिन्न थिए। भोलिपल्ट बिहान कामविशेषले जिप लिएर मलंगवा जाने परिस्थिति आइपऱ्यो। त्यो बेला मलंगवा भारतको सितामढी भएर मात्रै जान सकिन्थ्यो। मैले मस्तरामलाई मेरो बाध्यता बताए। उनले 'सीतामढीसम्म मपनि तिमीसँगै जान्छु। त्यसपछि म रेल समाती आफ्नो गन्तव्यतिर लाग्छु' भने। मस्तरामलाई सँगै लिएर जान्छु भन्ने बित्तिकै परिवारमा ठुलो रडाको मच्चियो। उनीहरूलाई डर रहेछ मपनि उनकै पछि लागेर घर छोडने हो कि ? जानु नपर्ने मानिसहरूपनि जीपमा आएर बसिदिएपछि जोगीलाई बस्ने ठाउँ निकाल्न असंभव भयो। मैले हिम्मत जुटाएर जिद्दी र विद्रोह गरेको भए उनलाईसँगै लिएर जान सक्थे होला। त्यतिबेला ममा परिवारको गलत निर्णयको विरोध गर्ने हिम्मत आइसकेको थिएन, त्यसैले मैले विद्रोह गर्न सकिंन। जोगी आफ्नो झोला लिएर आईपुगिसकेका थिए। मैले उनलाई मजबुरी बताए र भारु ५ रुपैयाँको नोट दिँदै तपाईं जनकपुरबाटै रेल समातेर जानुस् भनी आग्रह गरें। वास्तवमा हामी दुबैको केही क्षण भएपनि सँगै हिड्ने इच्छा थियो। त्यसो हुन दिइएन।

योगीको अपहेलना गरेको ठुलो दुःख मैले र परिवारले आखिर भोग्नु पर्‍यो । नेपालको सीमा काटनासाथै नयाँ जीपको एकाएक एक्सल भाचिई ठूलो दुर्घटना भयो र हामी सबै मुस्किले जोगियौं । मलंगवा जान आवश्यक भएकोले हामी सबै बसमा सीतामढीसम्म गयौं । त्यहाँबाट मुस्किले एउटा भाडाको थोत्रो गाडी खोजेर हामी साँझ परेपछि मलंगवातिर लाग्यौं । बाटो कच्ची थियो । रातको अँध्यारोमा हामीले बाटो बिराएछौं । गाडी वैलगाडा हिड्ने खाल्डोमा गएर अड्कियो । रातभरी गाडी निकाल्न सकिएन । त्यो डाका लाग्ने क्षेत्र रहेछ । जाडोको त्यो रात डाकाको भयले चौरी मै थुरथुर काम्दै काटनु पर्‍यो । जोगीलाई जुन गाडीमा बस्न दिइएको थिएन त्यस सुविधाको आखिर कसैले भोग गर्न सकेन । जोगीलाई गाडीमा चढ्न नदिन जो बसेका थिए तिनीहरूले सित्तैमा दुःख पाए । परमात्मालाई पूर्ण समर्पित भक्तको अपमान हुँदा भक्त त रिसाउँदैनन् तर परमात्मा चाहिं रिसाउँदो रहेछ । यस्ता अनेक प्रमाण मैले आफ्नो र अरुको जीवनमा अनेक पटक भोगेको र देखेको छु ।

osho.tapoban@gmail.com